प्रदेश सरकार
उद्योग पर्यटन ,वन तथा वातावरण मन्त्रालय
प्रदेश.न.७
धनगढी,कैलाली

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गर्न ईच्छुक व्यवसाय विकास सेवा पदायक संस्था छनौट गर्न आशयपत्र आह्वानको लागी तयार गरिएको कार्यक्षेत्रगत शर्त- Term of Reference (TOR)

१. व्यवसाय विकास सेवा प्रदायक संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमी :

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (MEDEP)को आर्थिक तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागु भएको लघु उद्यम विकास कार्यक्रमलाई आ.व. २०६६/०६७ देखी नेपाल सरकारले आन्तरिकिरण गरी गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)को रुपमा विस्तार गरी संचालन गर्दै आएको छ। यो कार्यक्रम अधिराज्यका ७७ वटै जिल्लामा लागु हुने छ। चालु आ.व २०७५६/०७६ देखी प्रदेश न ७ अन्त्रगत रहेका ९ वटा जिल्लाहरु (कैलाली ,कन्चनपुर,डडेलधुरा,डोटी,बझाङ,बाजुरा,अछाम,दार्चुला र बैतडी ) मा उद्योग ,पर्यटन,वन तथा वातावरण मन्त्रालय मार्फत संचालन हुनेछ। गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सबै प्रकृया चरणवद्ध तवरले संचालन गर्न अनुभवी योग्य व्यवसाय विकास सेवा प्रदायक संस्था ,गैह्र सरकारी संस्था,फर्म वा कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भई सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा दर्ता भएको कम्पनी मध्येबाट छनौट गरी कार्यक्रम संचालन गर्न यो कार्य क्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

चालु आ.व.२०७५/७६ मा यस मन्त्रालय अन्त्रगतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिका कार्यालहरुमा कार्यक्रम संचालनको लागी प्रप्त आशयपत्रहरु मध्येबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० को उपदफा (५ ) बमोजिम तीन देखी बढीमा ६ वटा संस्थाहरु प्रारम्भिक छनौट गरी छनौट भएका संस्थाहरु बाट प्राविधीक तथा आर्थिक प्रस्ताव आह्वान गरी प्रतिसप्रधात्मक रुपमा प्रत्येक जिल्लाको लागी ५ वटा सम्म स्थानिय तह भएका जिल्लाको लागी एक र ६ वा ६ भन्दा बढी स्थानिय तह भएका जिल्लाको लागी दुईओटा सेवा प्रदायक संस्था छनौट गरीनेछ। तर आशयपत्रको मुल्याङकनको क्रममा कम्तिमा ३ वटा संस्थाले उतिर्णाङक प्राप्त गर्न नसकेमा वा तीन भन्दा कम आशयपत्र पेश हुन आएमा पुन आशयपत्र आह्वान गरीनेछ। यसरी छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्था संग सम्बन्धित जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/घरेलु तथा साना उद्योग विकास समितिका कार्यालय बाट नियमानुसारको सम्झौता गरी कार्यक्रम संचालन हुने छ।

२. गरिवी निबारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) को उद्देश्य :

अति विपन्न वर्ग, गरिवीको रेखामुनी रहेका महिला, दलित, आदिबासी जनजाती, मधेशी वा आर्थिक सामाजिक वा सांस्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेका जनसमुदायलाई उद्यमशीलताको माध्यमबाट उद्यमी सिर्जना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गर्दै उनीहरुको आय स्तरमा सुधार गरी गरिवी निवारणमा सहयोग पुऱ्याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

३. कार्यक्रम लागू हुने क्षेत्र तथा लक्ष्य:

यो कार्यक्रम प्रदेश ७ अन्त्रगतका ९ ओटै जिल्लामा लागु हुने छ। यस मन्त्रालय मातहतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुले जिल्ला समन्वय समितिको समन्वयमा लघु उद्यम विकासका लागी उपलब्ध स्रोत , बजार र लक्षीत बर्गको आधारमा जिल्ला उद्यम विकास

समितिको निर्णय अनुसार स्थानिय तहमा लघु उद्यम विकासका लागी सो स्थानिय तहबाट छुटयाएको श्रोत निर्धारण गरेको लक्षलाई समेत समावेस गरिने छ ।

अधिकतम बजेट सिमा

- नयाँ लघु उद्यमी सिर्जना प्रति व्यक्ति रु २५००० (पच्चीस हजार )
- स्तरोन्नती प्रति व्यक्ति रु १०,००० (दश हजार )
- लक्ष्य संख्या सम्वन्धित जिल्लाबाट प्राप्त गर्न सकिने छ ।

४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु :

४.१ नयाँ उद्यमी सिर्जना तर्फ :

नयाँ उद्यमी सिर्जना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमवाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमी गणना गर्दा उद्यम शुरुवात गरेको अवस्थालाई जनाउने छ । लक्षित नयाँ उद्यमी सिर्जना गर्दा कूल उद्यमीमध्ये स्थानिय तहको जनसंख्याको अनुपातमा लैङ्गिकको आधारमा महिला ७०%, जातियताको आधारमा कूल उद्यमी मध्ये दलित ३०%,आदिवासी जनजाति ४०%, उमेरको आधारमा युवा (१६–४० बर्ष) ६०% तथा जिल्लाको समग्र लक्षको ४० प्रतिशत मधेशी (मधेशी बसोबास भएका जिल्लामा) हुनुपर्ने छ ।

(क) प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन : कार्यक्रम सञ्चालन गर्नका लागि तोकिएका स्थानिय तहको प्रारम्भीक सर्वेक्षण तथा बजार,श्रोत र सम्भाब्यता अध्ययन गरी त्यसको प्रतिवेदन सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय / घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(ख) कार्यक्रमबारे अभिमुखीकरण : छनौट भएका स्थानिय तहका प्रतिनिधी, राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजिवी, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखीकरण गर्ने तथा बजार, स्रोत सम्भाव्यता र लक्षित वर्गबारे सुनिश्चित गर्ने र उक्त भेला/गोष्ठिले सिफारिस गरेको वस्ती वा टोललाई संभावित कार्य क्षेत्र मानी प्रकृया अगाडी बढाउने ।

(ग) उद्यम विकास समिति गठन : गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका बमोजिम उद्यम विकास समिति गठन गर्न सहजीकरण गर्नु पर्नेछ । साथै समितिको गठन र गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मेडपा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्बन्धीत कार्यालयले संचालन गर्नेछन् ।

(घ) सहभागितामूलक ग्रामिण लेखाजोखा : गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन का लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले सम्बन्धित स्थानिय तहको लागी निर्धारीत गरेका वडाहरु र समुदायमा सम्बन्धीत सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Appraisal - PRA) गर्ने । सम्बन्धित स्थानिय तहमा गरिएको अभिमुखीकरण गोष्ठिले कार्यक्रम कार्यान्वयन गर्न भनी तोकेको वडा/वस्तीमा बसोबास गरेका समुह मध्ये बाट तोकिएको संख्यामा कम्तीमा २०-२५ जना सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत ,बजार र सीपको संभाव्यता पहिचान गर्नुपर्ने छ ।

(ङ) सर्भेक्षण प्रकृया : PRA को माध्यमबाट छनौट भएका परिवारहरुमध्ये निम्न मध्यम, गरिव र अति गरिब परिवारको फाराम A भर्ने र उक्त परिवार गरिबीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ५० वर्षभित्रका बेरोजगार सदस्यको फाराम B भर्ने । यदि परिवारमा कुनै पनि प्रकारको व्यबसाय गरिरहेको वा व्यबसाय गरेर बन्द भएको पाइएमा फाराम C समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा संभावित उद्यमीहरु छनौट गर्ने । सर्भेक्षणको लागि आवश्यक फाराम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० र तेस्रो संसोधन २०७५ मा व्यवस्था भए बमोजिम कार्यालयले उपलव्ध गराएको नमूना अनुसारका फारामहरु (A देखि G सम्म) आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्यक्ष संलग्नतामा उक्त फारामहरुको विश्लेषणगरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी Soft Copy र सक्कल फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरी सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने छ ।

(च) समुह निर्माण र क्षमता अभिवृद्धि : फाराम A, B र C को विश्लेषणको आधारमा संभावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा समुहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोवारको विवरण (उत्पादन, विक्रि, ऋण लगानी) सम्बन्धी बिषयमा सुशिक्षित गर्ने ।

(छ) उद्यमशीलता विकास तालिम : सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुलाई अनकूल हुने स्थानमा उपस्थित गराई सम्झौता अनुसार निर्धारीत सबै स्थानिय तहका छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको उद्यमशीलता विकास तालिम (Start & Improve Your Business - SIYB) र एक दिनको लैङ्गिक तथा सामाजिक समावेसीकरण (GESI) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्ने । यसरी तालिम सन्चालन गर्दा TOPE र TOSE तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्ने छ ।

(ज) सीप विकास तालिम संचालन : उद्यमशीलता विकास तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा ३० प्रतिशतलाई लामो अवधि (९० दिनसम्म), कम्तिमा ३० प्रतिशतलाई मध्यम अवधि (४५ दिनसम्म) र बाँकीलाई छोटो अवधि (१५ दिनसम्म) को सीप विकास तालिम प्रदान गर्दा तालिमको पाठयक्रम र तालिम प्रशिक्षक नेपाल सरकारवाट मान्यता प्राप्त भएको हुनुपर्ने छ । तर कुनै विषयमा पाठ्यक्रम स्वीकृत भइनसकेको र स्वीकृत प्रशिक्षक उपलब्ध नभएको अवस्थामा जिल्ला समन्वय समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम संचालन गर्दा लामो, मध्यम र छोटो अवधिका तालिम तोकिएको अवधीभन्दा कम भएमा संचालित कार्यक्रमको अवधीको गणना गरी दामाशाहीको हिसावले रकम भुक्तानी गरिने छ ।
उदाहरण : लामो अवधी भनि संचालन गरीएको तालिम ७० दिनमा सम्पन्न भएको पाईएमा प्रस्तावित सिप विकास तालिममा उल्लेख गरिएको रकमलाई ९० ले भाग गरी ७० ले गुणन गरी हुन आउने रकमलाई मान्यता दिईने छ ।

(झ) लघु कर्जा पहुँचका लागि सहजीकरण : लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चितताका लागि मुख्यतः तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

क) अति विपन्न जसको आफ्नो घरमा उद्यम सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम सञ्चालनमा सहजिकरण गर्ने ।

ख) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पूँजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजीकरण गर्ने ।

ग) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसंग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठि मार्फत सम्वन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई लघु कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

यस प्रकार लघु उद्यमी सिर्जनाका लागि सम्झौतामा दिइएको लक्ष्य अनुसार साझा सुविधा केन्द्र, स्वलगानी र लघु कर्जा मार्फत उद्यम सञ्चालन गर्नेहरुको विवरण अध्यावधिक राख्ने । कर्जा लगानीका हकमा तोकिएका लघु उद्यमी सिर्जनाको लक्ष्यमध्ये कम्तिमा ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्नेछ ।

(ञ) व्यवसाय विकास परामर्श तथा बजार विस्तार : कार्यक्रम सन्चालन भएका स्थानिय तहका उद्यमी बाट उत्पादित बस्तुहरुको सरल र सहज विक्री व्यवस्थाको लागि बजारीकरण सन्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

(ट) उपयुक्त प्रबिधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजीकरण : तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी सम्बन्धीत निकाय संग समन्वय गरी कम्तीमा कार्यक्रमको तर्फवाट ८० प्रतिशत र सहभागीको तर्फबाट कम्तीमा २० प्रतिशतको अनुपातमा उद्यमीहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । साथै सीप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत माथि उल्लेखित लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्ने छ ।

(ठ) साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरण गर्ने : अति विपन्न तथा विपन्नताको कारण उद्यम स्थापना गर्न स्थान नभएका तर उद्यम गर्न ईच्छुक उद्यमलिाई उद्यम स्थापना र विकासमा सघाउ पुग्ने गरी गरिवि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७० अनुरुप साझा सुविधा केन्द्रको स्थापना र संचालन गर्न सहजीकरण गर्ने ।

ड) लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरबी : विद्यमान लघु उद्यम मैत्री नीति नियमहरुको बारेमा लक्षित वर्गलाई अभिमुखीकरण गराई सम्बन्धित निकायसंग समन्वय र सहकार्यको लागि सहजीकरण गर्ने र जिल्लास्थित लघु उद्यमीको समुह तथा संस्थासंगको सहकार्यमा स्थानीय तह र अन्य कार्यालयहरुसंग बजेट तथा कार्यक्रम विनियोजनको लागि पैरवी/वकालत गर्ने ।

ढ) तथ्याङ्क विबरण अध्याबधिक गर्ने :- व्यबसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी सिर्जनाको लागि गरिएका हरेक कृयाकलापहरुको विवरण अध्यावधिक गर्नको लागि कार्यक्रमले तयार पारेको Web based database system अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी अद्यावधिक गरेको तथ्यांकको एक प्रति रकम भुक्तानी लिनु पूर्व रकम भुक्तानी दिने कार्यालयलाई वुझाउनु पर्नेछ । MIS data base मा तपसिलका ८ विवरणहरु प्रविष्ट नभएसम्म उद्यमी सिर्जना भएको नदेखिने हुंदा विशेष ध्यान दिनुपर्ने छ । १) समूह निर्माण, २) TOPE तालिम, ३) TOSE तालिम, ४) व्यबसायिक योजना, ५) प्राविधिक सीप विकास तालिम वा व्यबसाय व्यबस्थापन परामर्श, ६) बजार सर्भेक्षण, ७) ऋण लगानी वा स्वलगानी र ८) उद्यमको नाम ।

४.२ उद्यमीको व्यबसाय स्तरोन्नती तर्फ :-लघु उद्यम विकास कार्यक्रम (MEDEP), गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDPA) र स्थानिय तहबाट विगत ३ बर्षभित्र प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी देहाय अनुसारका कार्यहरु गर्ने ।

क) स्तरोन्नतिको लागि आवश्यकता पहिचान गर्ने ।

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुर्नताजगी, सीप विकास तालिम सन्चालन गर्ने ।

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत र उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, वजार मेला, प्रर्दशनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

(ङ) स्तरोन्नतिको लागि गरिएका सम्पूर्ण कृयाकलापहरुको तथ्यांक तथा गत ३ बर्ष भित्र मेडेप तथा मेडपा अन्तर्गत प्रबर्द्धन गरिएका लघु उद्यमीको तथ्यांक विवरण GESIMIS database software मा अध्यावधिक गर्ने र त्यसको सारांश प्रतिबेदन सम्बन्धित कार्यालयमा पेश गर्ने ।

(च) व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानिय तहलाई जानकारी दिई समन्वय गरी गर्नुपर्ने छ । संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिबेदन लगायतको बिवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरीसक्नु पर्नेछ ।

५. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त प्रस्तावहरु छनौट तथा मूल्यांकनका आधारहरु :

५.१. व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यता :

क) संस्थाको अनुभव दर्ता तथा क्षमता : लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायीक सिप विकासको क्षेत्रमा काम गरेको अनुभव भएका तथा आशयपत्र पेश गर्न चाहेको जिल्लामा संस्था दर्ता भई सोही जिल्लामै कार्यालय स्थापना गरी कार्य संचालन गरेको वा छिमेकी जिल्ला, आशय पेश गर्न चाहेको जिल्ला संग भौगोलीक सिमाना जोडिएको जिल्लामा संस्था दर्ता भई आशयपत्र पेश गर्न चाहेको जिल्लामा कार्यक्रम संचालन गर्ने अनुमती लिई कार्य संचलन गरेको वा जुनसुकै जिल्लामा संस्था दर्ता भै आशय पत्र पेश गर्न चाहेको जिल्लामा कार्यक्रम संचालन गर्ने अनुमती प्रप्त गरको भएमा त्यस्ता संस्थालाई क्रमशः पहिलो,दोश्रो र तेश्रो प्राथमिकता दिईने छ ।

ख) जनशक्ती

अ) कार्यक्रम संयोजक : १ जना (**प्रत्येक जिल्लाका लागी छुट्टाछुट्टै** )

१.आबश्यक न्युनतम योग्यता: स्नातक वा सो सरहहुने छ । स्नातकोत्तर उपाधी हासिल गरेको लाई ग्राहयता दिईने छ ।

२.अनुभव: लघु उद्यम वा व्यवसाय विकास वा ब्यवसायीक सिप विकास वा आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता क्रियाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिइने छ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा आपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्रथमिकता दिईने छ ।

आ).उद्यम विकास सहजकर्ता: : ६ जना (**प्रत्येक जिल्लाका लागी छुट्टाछुट्टै** )

**आबश्यक न्युनतम योग्यता:**

१. सहभागितात्मक ग्रामीण लेखाजोखा ( PRA ) घरधुरी सर्वेक्षण (HHS ) उद्यमशिलता विकास तालिम ( SIYB/MECD) जस्ता तालिम लिई उद्यम विकास सहजीकरणमा प्रविधीक शिक्षा तथा उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्त्रगत राष्ट्रिय सिप परिक्षण समिति ( NSTB ) बाट सिप परीक्षणमा तह २ वा ३ उत्तीण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि १५ महिने प्राविधिक एस.एल.सी. कोर्ष उत्तीर्ण गरेको हुनुपर्ने छ ।

२. अनुभव : लघु उद्यम वा ब्यवसाय विकास वा ब्यवसायीक सिप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइने ।

३. लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा आपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्रथमिकता दिईने छ ।

**नोट : माथि जुनसुकै कुराहरु लेखिएको भएतापनि तोकिएको संख्यामा उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् ।**

ग) कम्प्यूटर अपरेटर :१ जना (**प्रत्येक जिल्लाका लागी छुट्टाछुट्टै** )

१)आबश्यक न्युनतम योग्यता : कम्प्युटर विषय लिई प्रमाणपत्र तह उर्तिण गरेको वा जुनसुकै विषयमा प्रमाण पत्र वा सो सरह वा सो सरह उतीर्ण गरी कम्तीमा ६ महिनाको कम्प्यूटर तालिम लिएको ।

२)अनुभव : कम्प्युटर सम्बन्धी कार्य अनुभव भएकालाई प्राथमिकता दिईने छ ।

३) लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा आपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्रथमिकता दिईने छ ।

घ) लेखा तथा प्रशासन सहायक: १ जना (**प्रत्येक जिल्लाका लागी छुट्टाछुट्टै** )

१) आबश्यक न्युनतम योग्यता: ब्यबस्थापनमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण भएको ।

२) अनुभव : सम्बन्धित कार्यक्षेत्रमा अनुभवीलाई प्राथमिकता दिईने छ ।

३) लैङ्गिक तथा सामाजिक समावेसी : महिला वा आदिवासी जनजाती वा दलित वा आपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्रथमिकता दिईने छ ।

६. प्रस्तावको ढाँचा :

प्राविधीक प्रस्तावको ढाँचा अनुसुची १ एवं आर्थिक प्रस्ताबको ढाँचा अनुसुची २ र ३ मा उल्लेख गरीएको छ ।

७. प्रस्ताव पेश गर्ने तरीका :

प्रस्ताव पेश गर्न आव्हान गरिए वमोजिम प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा सीलवन्दी गरी खाम वाहिर नाम ठेगाना उल्लेख गरी कुन जिल्लाको लागि पेश गरिएको हो सो समेत खुलाई पेश गर्नु पर्ने छ ।

८. आशय पत्र पेश गर्ने तरिका :

व्यवसय विकास सेवा प्रदाक संस्थाले आशयपत्रलाई खाममा सिलबन्दी गरी खामको बाहिर नाम,ठेगाना भ्याट नम्बर र कुन जिल्लाको लागी काम गर्न चाहेको हो सो जिल्लाको नाम समेत स्पस्ट उल्लेख गरी आशयपत्र आह्वानको सुचना प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन सम्ममा कार्यालय समय भित्र कार्यक्षेत्रगत शर्त (TOR)प्राप्त गर्न सक्नेछ । प्रस्तावकले आशयपत्र सुचना प्रकाशन भएको मितिले १६ औ दिन दिनको १२ बजे सम्ममा यस उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय प्रदेश न ७ कैलाली मा प्रस्ताव दर्ता गरि सक्नुपर्ने छ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिनको १४ बजे नियमानुसार यसै मन्त्रालयमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछी कार्यालय खुलेको पहिलो दिन लाई अन्तिम दिन मानिनेछ । एक भन्दा बढी जिल्लाका लागी कार्यक्रम संचालन गर्ने गरी आशयपत्र पेश गर्ने । संस्थाले प्रत्येक जिल्लाका लागी अलग अलग जनशक्ति ,कर्मचारी प्रश्तावा गर्नुपर्ने भएकोले एकै जनशक्ति कर्मचारी प्रस्ताव गरी एक भन्दा बढी जिल्लाका लागी आशय पत्र पेश गरेको पाईएमा यस मन्त्रालयमा दर्ता भएको पहिलो आशयपत्रमा उल्लेखीत जनशक्तिलाई मात्र मान्यता दिने छ ।

९. एउटै संस्थाले दुई भन्दा बढी जिल्लाको लागी अशयपत्र पेश गर्न पाउने छैन ।

१०. आशयपत्र मूल्यांकन गर्ने तरिका :

आशयपत्रको अंक भार ५० कायम गरिएको छ उर्तिण ५० प्रतिशत अर्थात अंक हुनेछ प्राप्ताङ्क पास गर्ने प्रस्तावहरु मध्ये योग्यता क्रमका आधारमा कम्तीमा ३ देखी बढीमा ६ वटा सम्म संस्थाहरुलाई प्रारम्भीक छनौटमा राखीनेछ । यसरी छनौट भएका संस्थाहरुको सुची सार्वजनिक जानकारीको लागी राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी सोही संस्थाहरु बाट सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय /घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरुमा प्राविधीक तथा आर्थिक प्रस्ताव पेश गर्ने र गुणस्तर र लागत विधी अनुसार मुल्याङकन गर्ने कार्य हुनेछ ।

११. विविध :

प्रतलित कानुनको अधिनमा रही यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित), गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका (संशोधन सहित)२०७० तस्रो संसोधन २०७५ वमोजिम हुनेछ ।

१२. आशयपत्र मुल्याङनको अंक भार विभाजन तथा आधारहरु :

क) संस्थाको दर्ता अनुभव तथा क्षमता ।

ख)संस्थाको कार्य क्षेत्र र भौगोलीक उपस्थित ।

ग) चालु आ.व मा संस्थाले स्चालन गरीरहेको कार्यक्रम र परियोजनाको आधारमा ।

घ) संस्थाको भौतीक आर्थिक र प्रविधीक समेत,क्ष्मताको आधारमा ।

ङ) संस्थाको कार्य समितिमा समावेसी योगता र कमचारिको यिमितता ।

च) मेडेप र मेडपा मा काम गरेको र तेस्रो पक्षको मुल्याङकनको आधारमा

छ) संस्थाको वार्षिक कारोवार आ.व को २०७२/०७३ र २०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन अनुसार ।

ज) स.स्थाको कर्मचारी आर्थिक प्रशासन लैङिगक र सामाजिक समावेसी नियमावलीको आधारमा ।

झ) वार्षिक प्रतिवेदन प्रकाशन ।

१३. अनिवार्य रुपमा पेश गर्नुपर्ने शर्तहरु :

क) संस्था ( व्यवसाय विकास सेवा प्रदाय :-गैह्र सरकारी संस्था,निजी कम्पनी वा साझेदारी फर्म वा कम्पनी) को विधान वा नियमावली/प्रवन्ध पत्र मा लघु उद्यम व्यवसाय विकास वा सीप विकास तालिम वा आयआर्जज गर्ने उदेश्य उल्लेख भएको ।

ख) संस्था दर्ता भएको अवधि न्युतम २ वर्ष पुरा भएको ।

ग) आ.व २०७३/०७४ का लागी संस्था नवीकरण भएको ।

घ) संस्था मूल्य अभिबृद्धिकर (VAT) मा दर्ता भएको ।

ङ) आ.व २०७३/०७४ को कर चुक्ताको प्रमाण पत्र । (कर छुट सुविधा प्राप्त गरेको संस्थाको ले कर कार्यालयमा आफ्नो वार्षिक कारोवारको विवरण पेश गरेको प्रमाण पत्र ।

च) कार्यादेश (TOR) मा उल्लेख भए बमोजिम जनशक्ति भएको आवस्यक प्रमाण ।

छ) काम गर्न चाहेको जिल्ला उल्लेख गर्ने ।(अधिकतम २ जिल्ला सम्म) ।

ज) कालो सूचिमा नपरेको स्वघोषणा पत्र पेश गर्ने ।

झ) आ.व २०७२/०७३ र २०७३/०७४ को लेखा परिक्षण प्रतिवेदन ।

ञ) गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता तथा नविकरण भएको , कम्पनीको हकमा सम्बन्धित निकाय बाट काम गर्ने ईजाजत पत्र प्राप्त भएको ।

ट) विगतमा MEDPA/MEDEP कार्यक्रम संञ्चालन गरेका संस्थाको हकमा अनुभवका साथै तेस्रो पक्ष मुल्याङ्कनको प्रमाणित कागजातहरु ।

ठ) यो गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागी आशय पत्र (Expression of Interest) आह्वान गरिएको सूचनामा उल्लेख भएका अन्य प्रावधानहरु ।

# अनुसूची १

(दफा ७ (१) सँग सम्बन्धित)

## संघ/संस्थाको विवरणका लागि भरिने फारम

### १. सामान्य जानकारी

| | | |
|---|---|---|
| १.१ परियोजनाको शीर्षक | | |
| १.२ परियोजनाको जिल्ला/ प्रदेश | | |
| १.३ संघ/संस्थाको नाम | | |
| १.४ संक्षिप्त नाम कुनै छ भने | | |
| १.५ संघ/संस्थाकाकानुनीस्तर | राष्ट्रिय/जिल्ला(National/District) | |
| | गैर सरकारी संस्था/फर्म (NGO/Firm) | |
| १.६ सम्पर्क विवरण जस्तैः सम्पर्क व्यक्ति, ठेगाना, फोन, फयाक्स, इमेल | | |
| १.७ दर्ता भएको मिति, दर्ता गरिएको कार्यालयहरूको नाम; जस्तैः समाज कल्याण परिषद, जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिष्ट्रार कार्यालय आदि | | |
| १.८ काम सुरु गरेको मिति (Date started to work) | | |
| १.९ दर्ता नवीकरणको अन्तिम मिति | | |

### २. संघ/संस्थाको उद्देश्य तथा क्षमता (Objectives and competency of the organization)

| | |
|---|---|
| २.१ विधानमा उल्लेखित संस्थाको प्रमुख उद्देश्यहरू समावेश गर्ने (संस्थाको विधानको प्रतिलिपी संलग्न गर्ने | |
| २.२ संस्थाको योग्यता (जस्तैः कृषिमा, वनमा, पर्यटनमा, सेवामा आधारित उद्यमहरूको विकासका क्षेत्रमा | |
| २.३ कार्यक्रम व्यवस्थापन निर्देशिका (संस्था छनोट पछि हेरिने | |
| २.४ तपाईंको संस्थाले लैङ्गिक र सामाजिक समावेसीकरणका पक्षमा कस्तो ध्यान पुऱ्याएको छ। (जस्तैः कर्मचारी भर्नामा,कर्मचारीको जिम्मेवारीमा, | |

| | |
|---|---|
| लाभांश वितरणमा आदि) | |
| २.५ संस्थाको कति जना कर्मचारी या सदस्यहरूले उद्यमशीलता/लघु-उद्यमविकासको माध्यमवाट गरिबी निवारणको लागि तालिम प्राप्त तथा अनुभव हासिल गरेका छन् ? कति जना कर्मचारीको उद्यम विकास सहजकर्ता या अधिकृतको रूपमा काम गरेको अनुभव छ ? | |
| २.६ विगतमा संस्थाले उद्यम विकासको क्षेत्रमा के कति सफलता पाएको छ ? | |
| २.७ विगतमासंस्थाले दात्री संस्थाहरूसँग या साझेदारीमा काम गरेका संस्थाहरू (यदि भएमा) उल्लेख गर्नुहोस् । | |

**३. विगत कामको अनुभव (Work history)**

| ३.१ कामको किसिम | ३.२ जिल्ला | ३.३ गाउँपालिका/ नगरपालिकाहरू | ३.४लाभान्वितहरू | | ३.५ कार्य गरको अवधि | ३.६ कोष परिचालन रुपियामा | ३.७ कोषको श्रोत | ३.८ परिणाम हासिल (Results achieved) |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | महिला | | | | |

३.९ पहिले काम गरेको दातृ देश या संस्था र अन्य संस्थाहरूको सिफारिस कम्तीमा ३ वटा समावेश गर्ने । (Please include recommendations from past donors and other organisations (at least three))

३.१० संस्थाको छोटकरी प्रतिवेदन तथा प्रगति प्रोफाइल या प्रकाशित भएको दस्तावेज कम्तीमा ३ वटा बुझाउन होला जसले संस्थाको सफलता हासिल गरेको देखिन्छ ।(Please also include brief progress reports or organisational progress profi le or any published documents that indicate organisational achievements (at least three))

**४. संस्थाको कार्यकारी समितिको संरचना (Executive Board Composition)**

| ४.१ व्यक्तिको नाम (Name of the persons) | ४.२ लिङ्ग (Sex) | ४.३ जात/जनजाति (Caste/ethnicity) | ४.४बोर्डमा रहेको पद (Position in the Board) | ४.५ शिक्षा/योग्यता (Education/ qualifi cation) | ४.६ काम गरेको क्षेत्र र अनुभव गरेको वर्ष (Area and number of years of experience) | ४.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (Number of years of experience of the district) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डका सदस्यहरू कर्मचारी भएर काम गर्न पाउने छैन् ।
(Note: Board members are not qualifi ed to be staff for this proposed project)

## ५. संस्थामा रहेका मानव श्रोतहरू (Human Resources in the organization)

| ५.१ व्यक्तिको नाम (Name of the persons) | ५.२ लैङ्गिक (Sex) | ५.३ जात/जनजाति (Caste/ethnicity) | ५.४ बोर्डमा रहेको पद (Position in the organization) | ५.६ शिक्षा/योग्यता (Education/ qualifi cation) | ५.७ काम गरेका क्षेत्र र अनुभव गरेको वर्ष (Areas and number of years of experience) | ५.८ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (विशेष जिल्ला पनि) (Number of years of fi eld experience) (specify district also) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## ६. परियोजनाका टोलीको संरचना (यस प्रस्तावित परियोजना कार्यन्वयनका लागि) (Project teamcomposition (to implement this proposed project))

| ६.१ व्यक्तिको नाम (Name of the persons) | ६.२ लैङ्गिक (Gender) | ६.३ जात/जनजाति (Caste/ ethnicity) | ६.४ पेशागत अनुशासन (Professional's discipline) | ६.५ शिक्षा/योग्यता (Education/ qualifi cation) | ६.७ काम गरेका क्षत्र र अनुभव गरेको वर्ष (Number of years of experience) | ६.८ जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरू (विशेष जिल्ला पनि) (Number of years of fi eld experience) (specify district also) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## ७. एकै साथ मिलेर र साझेदारीमा (Collaboration and partnership)

| ७.१ एकै साथ मिलेर र साझेदारीमा काम गरेको संस्थाहरु Organisation with which partnership/collaboration established) | ७.२ एकै साथ मिलेर र साझेदारीमा काम गर्नको उद्देश्य (Purpose of collaboration/partnership) | ७.३ एकैसाथ मिलेर काम गरेको अवधि (Period of collaboration) | कैफियत (Remarks) |
|---|---|---|---|
| | | | |

## ८. वित्तीय तथा अन्य प्रणाली (Financial and other systems)

| | |
|---|---|
| ८.१ बुक किपिङ्ग प्रणाली/वित्तीय/लेखा तथा प्रशासनिक प्रणाली(System of book keeping/fi nancial/ accounting and administration system) | |
| ८.३ कर छुटको प्रमाण पत्र राख्नु यदि संस्था कर छुटको दायरामा पर्दछ ।(Include Tax Free Documents (if Tax Free Organisations) | |
| ८.४ गत २ वर्षको अडिट प्रतिवेदन को साथ अडिटरले दिएको टिका टिप्पणी समेतको फोटो कपि पेश गर्ने(Audit reports with auditor's comments for last two years (please attach the copies)) | |
| ८.५VATरजिष्ट्रेसनको प्रमाण पत्र र सूचीत नम्बर समावेश गर्ने(Include VAT registration certifi cate and indicate number) | |
| ८.६ व्यक्तिगत, प्रशासनिक, र वित्तीय नीति/र्निदेशिका (छनौटपछि प्रमाणित गरिने छ) ।<br>(Personnel, administrative and fi nancial policy/guidelines (will be verifi ed after selection)) | |
| ८.७ ओभरहेडको उपयोगबारे रणनीति/निर्देशिका (Overhead utilization strategy/guidelines) | |

९. यदि संस्था कुनै पनि कानूनी झमेलामा परेको भएमा सत्य तथ्यता खुलाउनु पर्नेछ ।
छ .... छैन ................. (Disclose of the fact that the organization/Consultant has not been subjected to any legal actions): Yes................. No..........................
१०. माथि लेखिएका सबै जानकारी सत्य छ भनी प्रमाणित गर्दछु । (Declaration: The above information is true).

**सहि**.........................................
**नामः**
**पदः**
**मितिः**
**Signature.....................................**

**1. Curriculum Vitae**

**I. General information**

| | |
|---|---|
| **Name** | |
| **Proposed position** | |
| **Sex and age** | |
| **Caste/ethnicity** | |
| **Address** | |
| **Email, mobile, fax** | |

**II. Educational qualifi cations**

| **Degree** | **Name of school/institution** | **Year of completion** |
|---|---|---|
| | | |
| | | |

**III. Training received**

| **Subject of training** | **Name of institution/training organization** | **Duration of training** |
|---|---|---|
| | | |
| | | |

**IV. Employment history**

| **Year (from....to)** | **Name of organization** | **Position** | **Key roles and responsibilities (specify districts also)** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**V. References (at least three)**

**Date: ......................................** **Signature: ..........................**

# अनुसूची २

## दफा १२ (१) सँग सम्बन्धित

## प्राविधिक प्रस्ताव फारम

<table>
<tr><td>क. सं.</td><td>विषयवस्तु (Content)</td></tr>
<tr><td>१</td><td>परियोजनाको शीर्षक:<br><br>छोटो रूपमा उल्लेख गर्नुहोस् (के, किन र कहिले गरिने छ ?)</td></tr>
<tr><td colspan="2">क. प्राविधिक प्रस्ताव</td></tr>
<tr><td>२</td><td>भूमिका र पुष्ट्याइँ<br>२.१ यो परियोजना यहाँको कार्यक्षेत्र - जिल्ला, गाविस, ग्रामीण बजारकेन्द्रमा किन आवश्यक छ ?<br>२.२ यो परियोजनाका लागि लक्षित समुदायका मागका आधारहरू वा पुष्ट्याइँका आधारहरू के-के हुन् ?<br>२.३ हाल के के लघुउद्यम व्यवसायहरू सञ्चालित छन् र जिल्ला, गाविस र बजार क्षेत्रमा सम्भाव्य उद्यमहरू (श्रोतको उपलब्धता, लक्षित समुदायको चाहना वा रुची, बजारको माग) को अवस्था कस्तो छ ?<br>२.४ परियोजनाको कार्यान्वयनका लागि संस्थाका निर्दिष्ट अनुभवहरू के-के छन् ?<br>२.५ यो परियोजनाका लागि योजना तर्जुमा गर्दा (प्रस्तावित कार्यक्षेत्रमा) क-कस्को सहभागिता रह्यो ? लक्षित समुदाय (विशेषगरी महिला, विपन्न समुदायका सदस्यहरूलाई लघुउद्यमीका रूपमा विकास गर्नका लागि) को विचार के थियो ?</td></tr>
<tr><td>३</td><td>परियोजनाको उदेश्यहरू (२.५ SMART सूचकहरू) निर्दिष्ट (specific), मापनयोग्य (measurable), प्राप्त गर्न सकिने (achievable), सान्दर्भिक (relevant), समयसीमा (time-bound) अति गरिब र समावेशी लघुउद्यम विकासका लागि उद्देश्यहरू)<br>.... परियोजना के उपलब्धि गर्न चाहन्छ ?</td></tr>
<tr><td>४</td><td>लक्षित समूहहरू र उपभोक्ताहरू (beneficiaries) (.................वर्षमा)<br>जिल्ला : ..............................................................
<table>
<tr><td>ग्रामीण बजार केन्द्र</td><td>गाउँपालिका नगरपालिका</td><td>लघुउद्यमी समूह संख्या</td><td>सहकारीको संख्या</td><td>लघुउद्यमी समूह सङ्घको संख्या</td><td>श्रृजना गरिएको नयाँ उद्यमीहरूको संख्या</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
<table>
<tr><td rowspan="2">ग्रामीण बजार केन्द्र</td><td rowspan="2">गाउँपालिका /नगरपालिका</td><td colspan="6">सिर्जना गरिएको नयाँ उद्यमीहरूको संख्या (कमजोर आर्थिक अवस्थाबाट)</td></tr>
<tr><td>महिला</td><td>दलित</td><td>आदिवासी जनजाति</td><td>युवा</td><td>अन्य पछिपरेका मधेशीहरू</td><td>मुस्लिम</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td>५</td><td>परियोजनाको अवधि<br>.......... परियोजनाको सुरु र अन्तिम मिति</td></tr>
</table>

६ परियोजनाको तार्किक ढाँचा (Project Logical Framework)

| सारांश | संख्यात्मक उद्देश्यमूलक रूपमा पुष्ट्याइँयोग्य सूचकहरू (Objectively verifiable indicators – OVIs) | गुणात्मक रूपमा जाँच गर्न सकिने सूचकहरू (QVIs) | पुष्ट्याइँका आधारहरू | जोखिमहरू र पूर्वानुमानहरू |
|---|---|---|---|---|
| ध्येय (Goal) | | | | |
| उद्देश्य (Purpose) | | | | |
| उपलब्धिहरू (Outputs) मेडेपा मोडेलका प्रत्येक सम्भागका लागि) | | | | |
| क्रियाकलापहरू | Inputs | | | |

७ परियोजनाअन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरू (गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमको अति गरिब र समावेशी लघुउद्यम विकास मोडेलका सबै सम्भागहरू अवलम्बन गरेर)

| प्रत्येक उपलब्धि (Output) का लागि मुख्य क्रियाकलापहरू | समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने) | विधिहरू/तहहरू (कसरी कार्यान्वयन गर्ने) | सहयोगी संस्थाहरू |
|---|---|---|---|
| | | | |
| | | | |

८ कार्यान्वयनको अवधारणा (approach)

८.१ परियोजनाका उपलब्धि (output) र परिणाम (outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?

८.२ यो परियोजनाका कारण वातावरणमा पर्ने सम्भाव्य नकारात्मक असरहरूबाट बच्न कसरी निश्चिन्त हुन सकिन्छ ? कुन वातावरणमैत्री प्रविधि र अभ्यासहरू अवलम्बन गर्न सकिन्छ ?

८.३ परियोजनाका सम्पूर्ण लक्ष्य (माथि उल्लिखित) अनुसारका क्रियाकलापहरूमा (मेडेप मोडेलका सम्पूर्ण सम्भागहरू), लघुउद्यमी समूह, लघुउद्यमी समूह सङ्घ र जिल्ला लघुउद्यमी समूह सङ्घका निर्णायक तहहरूमा महिला र बाहिर पारिएकाहरूले नेतृत्वगर्ने उद्यम व्यवसायहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.४ लघुउद्यमहरू स्थापना र विकासका लागि उद्यमीहरूको ऋणमा पहुँचका लागि कसरी सहजीकरण गर्नुहुन्छ ?

८.५ मूल्यश्रृङ्खला पद्धति कसरी अवलम्बन गर्नुहुन्छ ?

८.६ उद्यमीहरू बिशेषगरी अशिक्षित महिला विपन्न समुदायमा उद्यमशीलता र प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.७ उद्यमीहरूको उपयुक्त प्रविधिमा पहुँचका लागि कसरी सहजीकरण गर्नुहुन्छ ?

८.८ स्वस्थ र गुणस्तरयुक्त वस्तु उत्पादन, उत्पादित बस्तुको बजार सञ्जाल, वस्तु विकास (products development) का लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.९ गुणस्तरयुक्त सेवा प्रवाह (जस्तै तालिम, साझा सुविधा केन्द्र, ...) का लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

*८.१० कार्यादेशमा उल्लेखित जिम्बेवारी कसरी पुरा गर्नु हुन्छ ?*

*८.११ कार्ययोजना*

९ अन्य सरोकारवालाहरूसँग सहकार्य तथा साझेदारी

- जिल्ला लघुउद्यमी समूह सङ्घहरूसित कसरी र के का लागि ?
- विषयगत निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- निजी क्षेत्रसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- अन्य सरोकारवाला निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)

१० अनुगमन तथा मूल्याङ्कन

१०.१ परियोजनाका गतिविधि प्रगतिको सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?

१०.२ परियोजनाका गतिविधिहरूको उपलब्धि र परिणामहरूको अभिलेख कसरी राख्नुहुन्छ ?

१०.३ लघुउद्यमी समूह र लघुउद्यमीको तहमा प्रगति र सिकाइहरूको अभिलेख कसरी राख्नुहुन्छ ?

१०.४ प्रत्येक क्रियाकलाप/गतिविधिको कार्य दक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

१०.५ नियमित कार्य सम्पादन प्रतिवेदन कसरी तयार गर्नुहुन्छ र आगामी योजना तर्जुमा र नीतिगत प्रभाव पार्न यसलाई कसरी उपयोग गर्न सकिन्छ ?

११ मेडेपबाट प्राप्त आवश्यक गैरवित्तीय सहयोग (non-financial support)

- यो परियोजनाको कार्यान्यवनका लागि कस्तो प्राविधिक वा क्षमता विकासको सहयोग आवश्यक छ ?

अनुसुची ३

दफा १२ को १ संग सम्बन्धित

## वित्तिय प्रस्ताव

## मेडपा बाट अनुरोध गरीएको कुल बित्तीय सहयोग

| **प्रस्तावित क्रियाकलापहरू** | **समयसीमा** (२०........) | **मेडपाको योगदान** (रु.) | **अन्य संघ/ संस्थाको योगदान** (रु.) | **आवेदन गर्ने संस्थाको योगदान** (रु.) | **जम्मा रु.** |
|---|---|---|---|---|---|
| | **देखि** | **सम्म** | | | |
| उपलब्धि (Output) १ **सामाजिक परिचालन :** | | | | | |
| क्रियाकलाप १.१ | | | | | |
| क्रियाकलाप १.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपब्धि (Output) २ **उद्यमशीलता विकास तालिम :** | | | | | |
| क्रियाकलाप २.१ | | | | | |
| क्रियाकलाप २.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपलब्धि (Output) ३ **प्राविधिक सीप विकास तालिम :** | | | | | |
| क्रियाकलाप ३.१ | | | | | |
| क्रियाकलाप ३.२ | | | | | |
| क्रियाकलाप ३.३ | | | | | |
| उपलब्धि (output) ४ | | | | | |
| **लघु कर्जामा पहुँच :** | | | | | |
| क्रियाकलाप ४.१ | | | | | |
| क्रियाकलाप ४.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपलब्धि (Output) ५ **उपयुक्त प्रविधि हस्तान्तरण तथा सम्वन्धन विकास :** | | | | | |
| क्रियाकलाप ५.१ | | | | | |
| क्रियाकलाप ५.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| उपलब्धि (Output) ६ | | | | | |
| **वजारीकरण तथा परामर्श** | | | | | |
| क्रियाकलाप ६.१ | | | | | |
| क्रियाकलाप ६.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| **जनशक्ति व्यवस्थापन लागत :** | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| **अन्य** | | | | | |
| १ | | | | | |
| शीर्षभार (overhead) | | | | | |
| **जम्मा** | | | | | |
| मूल्य अभिवृद्धि कर | | | | | |
| **कुल जम्मा** | | | | | |

मनासिब प्रशासनिक लागत (शीर्षभार खर्च समावेश गर्नुपर्नेछ जुन सिलसिलेवार रूपमा उल्लेख गरिएको (itemized) र जवाफदेहिताका लागि आवश्यक हुनेछ । शीर्षभार कुल कार्यक्रम खर्चको १५ प्रतिशतभन्दा कम हुनुपर्ने छ र कर्मचारीको तलव र दैनिक भ्रमणभत्ता हटाएर औचित्य पुष्ट्याइ गर्न आवश्यक छ ।

शीर्षभार खर्चमा निम्नकुराहरू समावेश हुनसक्नेछन् :

क) प्रशासनिक र वित्त
ख) कम्प्युटर
ग) कार्यालय भाडा, कार्यालय सामग्री, फर्निचर
घ) हुलाक तथा सञ्चार, आदि ।

शीर्षभार उपयोग योजनासमेत उल्लेख गर्न आवश्यक छ। शीर्षभार उपयोग योजनाबिनाको प्रस्ताव अमान्य हुनेछ ।

कुल बजेट समग्रमा निम्न कुराहरूमा आधारित हुनेछ :

क) नयाँ उद्यमी श्रृजनाको संख्या,
ख) प्रतिउद्यमी श्रृजना लागत खर्च
ग) ५ देखि १० प्रतिशत कम भुक्तानी (समावेशी तथा लैंगिक उद्यमी विवरणका आधारमा)२

प्राविधिक तालिम उद्यमीहरूको मागअनुसार प्रस्ताव गरिएभन्दा बढी समय र लागत लाग्ने भएमा यसका लागि उपकरारमा संशोधनमार्फत वा छनौट गरिएका प्राविधिक सीप प्रशिक्षकहरूसँग सोझै सम्झौता गरी गरिनेछ । विभिन्न सहयोगी सरकारी निकायहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारीसंस्थाहरू, स्थानीय निकायहरू, निजीक्षेत्रबाट लागत योगदानको अवस्थाका आधारमा अति विपन्न आर्थिक अवस्थाका लघुउद्यमीहरूलाई साझा सुविधा केन्द्रका लागि सोझै वित्तीय सहयोग उपलव्ध गराइनेछ ।